# संरक्षणमुखी वन कहिलेसम्म ?

भोला खतिवडा[1]

वन व्यवस्थापनको सन्दर्भमा धेरै नागरिक वा जनताको सहभागिता रहेको पद्धति सामुदायिक वन हो । २२ हजार २ सय ६६ सामुदायिक वन उपभोक्ता समूहहरूलाई २२ लाख ३७ हजार ६ सय ७० हेक्टर राष्ट्रिय वन सामुदायिक वनको रूपमा हस्तान्तरण भएको छ। सामुदायिक वन अभियानमा २९ लाख ७ हजार ८ सय ८१ घरधुरी आबद्ध रहेका छन् । संरक्षित क्षेत्र बाहेक बाँकी रहेको ४९ लाख २९ हजार हेक्टरमध्ये ४५ प्रतिशत सामुदायिक वनको रूपमा देखिन्छ भने नेपालको कूल वन क्षेत्रको ३३ प्रतिशत सामुदायिक वनको रूपमा व्यवस्थापन भइरहेको छ। नेपालको कूल भुभागको हिसाब गर्ने हो भने सामुदायिक वनले ओगटेको क्षेत्रफल १५ प्रतिशतको हाराहारीमा हुन आउँछ ।

नेपालमा जुनसुकै पद्धतिबाट वनको व्यवस्थापन गर्ने उद्देश्य भए तापनि संरक्षणमुखी नै हावी भएको छ। सरकार नियन्त्रित वन व्यवस्थापनको कुरा त त्यस्तै हो सबैभन्दा कुशलतापूर्वक व्यवस्थापन भएको सामुदायिक वन पनि संरक्षणमुखी भन्दा माथि उठेको छैन। यसो हुनुमा नीति निर्माता, वन प्राविधिक, उपभोक्ताहरू सबै को संरक्षणमुखी मानसिकता हो भन्दा कुनै द्विविधा नहोला । अझै पनि रूख काट्नु वन विनास हो भन्ने सोचले बजार पाएको छ । यो सोच सामुदायिक वनको अवधारणा सुरु गर्नुभन्दा पहिलेबाटै थियो । त्यतिबेला वन विनास भएको थियो त्यसैले सबैभन्दा पहिला संरक्षण गर्नु आवश्यक थियो र हुनुपर्ने बाध्यता थियो । यो सोच विद्यार्थीको लागि १२ कक्षा भनेको जस्तो हो । १२ कक्षा पास गरेपछि के बन्ने सोही अनुसार आफ्नो अध्ययन अगाडि बढाउँछन् त्यसैगरी सामुदायिक वन पनि संरक्षण पहिलो अनिवार्य विषय हो। त्यसपछि व्यवसायिक बाटो समात्न सक्नु पर्दछ । तर संरक्षणमुखी मात्र गर्ने सोच अझै हटेको छैन । एउटा विद्यार्थीले सधै भरी १२ कक्षा दोहोऱ्याई तेहऱ्याई पढेर बस्दैन । तर त्यो पढेको विषय बिर्सने पनि गर्दैन । हामी चाहिँ संरक्षण मात्र गरेर बसेका छौं। सामुदायिक वन अवधारणा विकास भएको समयका उपभोक्ता, सहयोगी, सरकारी संरचना सफल भए किनकि त्यो बेलामा सामुदायिक वनमार्फत वन संरक्षण गन्तव्य थियो । संरक्षणमुखी त्यो गन्तव्य प्राप्त भइसकेको धेरै भइसक्यो । पाँच प्रतिशत वन बढ्यो । उजाड भइसकेको वा उजाड उन्मुख क्षेत्रमा हरियाली छायो । अब सामुदायिक वनको नयाँ गन्तव्य निर्धारण गरी सो प्राप्तिका लागि क्रियाशील हुनुपर्ने हो तर त्यसमा हामी चुकेका छौं । २९ लाख घरधुरी आबद्ध भएको, एक करोड ५० लाख नागरिकहरूलाई समेटेको, दुई लाखभन्दा बढी सामुदायिक नेतृत्व तहमा क्रियाशील भएको, समावेशी लोकतन्त्रको समुदाय स्तरमा अभ्यास गरेको, जैविक विधिता जोगाएको भनेर फुर्ती लगाएर मात्र हुँदैन । यी त अब सबल आधारको रूपमा स्वीकार गरी वन क्षेत्रको अधिकतम सदुपयोग गर्नु पर्दछ । यसले कमजोर वर्गको जीविकोपार्जनमा के सुधार ल्यायो ? समृद्ध नेपाल बनाउन के योगदान गऱ्यो ? भन्ने चर्चा गर्न आवश्यक छ । वन क्षेत्र गाड धन जस्तो भएको छ । छैन भन्दा छ तर जीवन उपयोगी बनाउन सकिएको छैन । वनलाई कसरी व्यवसायिक बनाउने भन्ने बारेमा चिन्तन गर्नु र यसको कार्यान्वयनमा लाग्नु आजको आवश्यकता हो। यसमा सामुदायिक वनको नेतृत्व गर्ने, सहयोग गर्ने सबै जिम्मेवार हुनुपर्छ ।

रूख भनेको काट्नैको लागि हो। यो नवीकरण गर्न मिल्ने प्राकृतिक स्रोत हो । परिपक्व भएको रूख काट्ने विरुवा लगाउने वा विरुवा हुर्कने वातावरण तयार गर्नु

[1] लेखक कप्सन नेपालमा आवद्ध हुनुहुन्छ ।

पर्दछ । नेपालको वनबाट निकाल्न सकिने मात्राको केही अंश पनि काठ निकाल्न सकिएको छैन । हिजो कुनै ठाउँमा काठ लडेर त्यसै सढेर गएको देखियो भने वन कार्यालय रहेछ भनेर अनुमान गर्न सकिन्थ्यो । अहिले यो रोग सामुदायिक वनतिर पनि सर्न लागेको भान हुन्छ । एकातिर वनमा काठ सढेर गएको छ भने अर्कोतिर घर बनाउन फलामे रड र आल्मुनियमको झ्याल राख्नुपर्ने बाध्यता छ । वनको दिगो व्यवस्थापन गरेको खण्डमा नेपालको आन्तरिक मागको तुलनामा दोब्बरभन्दा बढी काठ निकाल्न सकिन्छ भनी आँकलन गरिएको छ । तर गत वर्ष मात्र नेपालमा गोलिया काठ नैं आयात गरेको सरकारी आँकडाबाट देखिन्छ । गत आ.व.मा काठ तथा काठजन्य सामाग्रीहरू झण्डै ६ अर्ब रुपैयाको आयात गरिएको तथ्य भेटिन्छ ।

वन भनेको समृद्धिको साधन हुनुपर्ने हो तर अहिले पनि वन क्षेत्रलाई सौन्दर्यको साधन बनाउन खोजिदैं छ । सामुदायिक वनको अवधारणा विकास गर्दाका समयको दुःख सम्झेर अहिले पनि रूख काट्न माया गरिराखेका छौं । नेपालको झण्डै आधा क्षेत्रफलमा वन छ । त्यो सबै क्षेत्र देखाउने मात्र उपयोग नगर्ने हो भने मुलुक र मुलकवासीको समृद्धि हावादारी गफ मात्र हुनेछ । नेपाल सरकारले समृद्ध नेपाल सुखी नेपाली भन्ने अवधारणा सारेको छ । सबै क्षेत्रवाट त्यो सोच कार्यान्वयनका लागि सामुहिक पहल हुनुपर्ने हो तर वन क्षेत्र उत्पादनमूलक काममा प्रयोग भएकै छैन । अनि कसरी सम्भव छ नेपाल सरकारको महत्त्वाकांक्षी सोच ?

वन क्षेत्रको अबको गन्तव्य दिगो व्यवस्थापनमा आधारित हुनुपर्दछ । सामुदायिक वन क्षेत्रमा त झन् उपभोक्ताको समृद्धिलाई केन्द्रविन्दु बनाएर दिगो व्यवस्थापनमुखी योजना कार्यान्वयन हुनुपर्दछ । सामुदायिक वनको अवधारणा विकास हुँदाको समयमा हरेक घरपरिवार कम्तीमा पनि दिनको एकपटक वन जानु पर्दथ्यो । प्रत्यक्ष वनको सम्पर्क विना जीविकोपार्जन सम्भव थिएन । अहिले उपभोक्ताको आवश्यकता फेरिएको छ । यही अवस्थालाई सम्बोधन हुने गरी योजना बनाउनु पर्दछ । अहिले वनवाट दाउरा चोरी होला भन्ने त्यति धेरै चिन्ता छैन । सहर वरिपरिका सामुदायिक वनहरूले पर्यापर्यटनमा ध्यान दिनु सान्दर्भिक हुन्छ । रूख धेरै भएका सामुदायिक वनले रूख काट्ने विरुवा हुर्काउने अवधारणा सुरु गर्नुपर्दछ । हामीसँग भएको वन र यसको व्यवस्थापनबाट मुलुक र मुलुकवासी धनी हुने हो । खाडी मुलुकको तेल र चीनको सामान बेचेर हामी समृद्ध हुन खोज्नु गोरु पालेर गाईको दूध खान खोज्नुजस्तै हो । वनबाट समृद्धि ल्याउनका लागि यो क्षेत्रमा युवा पुस्ताको प्रवेश हुनु जरुरी छ । सामुदायिक वनको नेतृत्वमा ४० वर्ष नाघेकाहरूको मात्र बाहुल्य छ । वन क्षेत्रसम्बन्धी कानून बनाउने, कार्यान्वयन गर्ने सबै ४० वर्ष नाघेका छन् । उनीहरूमध्ये सामुदायिक वनबाट आफ्नो व्यक्तिगत भविष्य अत्यन्त कमले मात्र देख्छन् । सामुदायिक वन सहायक काम भएको छ तसर्थ सामुदायिक वनको नयाँ गन्तव्य तय भएको छैन । ४० नाघेकाको अनुभव र युवा पुस्ताको अठोट र सोच समायोजन गर्नुपर्दछ । सामुदायिक वन क्षेत्रमा युवाहरूको प्रवेश भएमा नयाँ सिर्जना गर्न सक्दछन् । आफ्नो भविष्य खोज्न थाल्दछन्, व्यवसायिक वन व्यवस्थापन सुरु गर्न सक्छन् । अनि मात्र वन क्षेत्र समृद्धिको साधन हुन सक्दछ ।